## इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड ७** **संख्या ८** **मिति २०८०।०५।०५**

### भाग-२

इच्छाकामना गाउँपालिका

## कृषक समूह गठन तथा परिचालन कार्यविधि, २०८०

# इच्छाकामना गाउँपालिका

कुरिनटार चितवन

### कृषक समूहगठन तथा परिचालन कार्यविधि २०८०

**प्रस्तावना**

इच्छाकामना गाउँपालिका भित्र रहेका कृषकहरुले अवलम्बन गरेका वर्तमान कृषि प्रणालीलाई विकसित गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, व्यवसायीकरण मार्फत औद्योगीकरणको निमित्त कृषकहरुलाई नयाँ प्रविधि तर्फ आकर्षित गर्न, उत्प्रेरित गर्न, सोको अभ्यास गराउँदै त्यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरूप प्रविधिलाई सरल र सहजरुपमा कृषक माझ पुयाउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन र परिचालन गर्न वाञ्छनीय भएकाले, इच्छाकामना गाउँकार्यपालिकाले यो कार्यविधि निर्माण गरी लागु गरेको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

१) संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्यविधिको नाम "कृषक समूहगठन तथा परिचालन कार्यविधि २०८०" रहेको छ ।

यो कार्यविधि इच्छाकामना गाउँकार्यपालिका बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२) परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "समूह" भन्नाले कुनै निर्धारित उद्देश्य प्राप्ति गर्न वा दुई भन्दा बढी सामाजिक तथा मनोवैज्ञानिक रुपले अन्तरआश्रित व्यक्तिहरु मिलेर बनेको मानिसहरुको भेला वा जमात नै समूह हो भन्न सकिन्छ।

स=समन्वय र सद्भावको माध्यम

मू=मुख्य समस्यासँग मुकाबला गरी

ह=हल खोज्ने संस्था हो

ख) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई जनाउँदछ ।

ग) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या र आवश्यकता र चाहना भएका न्यूनतम १५ वा बढीमा २५ जना सम्झनु पर्दछ ।

घ) "कृषि" भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य आदि कृषिका सबै उपक्षेत्र सँग सम्बन्ध उत्पादन उद्योग एवं व्यवसायलाई सम्झनु पर्दछ ।

ङ) "कार्यसमिति" भन्नाले निर्देशिका अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य सदस्य पदाधिकारीलाई सम्झनु पर्दछ ।

च) "गाउँपालिका" भन्नाले इच्छाकामना गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ) "लेखा" भन्नाले प्रचलित कानून बमोजिम कारोबार यथार्थ विवरण देखिने गरी राखिने अभिलेख, खाता,किताब आदि र सो कारोबारलाई प्रमाणीत गर्ने कागजात समेतलाई जनाउँदछ।

ज) "वडा" भन्नाले इच्छाकामना गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

झ) "समूह विधान" भन्नाले समूहको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाइएको नियमलाई सम्झनु पर्दछ ।

ञ) "हितकोष" भन्नाले कुनैपनि नगद जिन्सी तथा भौतिक सरसामान नगद मौज्दात ऋण लगानी, लगानीको रुपमा रहेको समूहको नगद पुँजीलाई हितकोष जनाउँदछ ।

ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इच्छाकामना गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्दछ ।

ठ) "शाखा प्रमुख" भन्नाले इच्छाकामना गाउँपालिकाको कृषि/पशुपंक्षी बिकाश शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## कृषक समूहको उद्देश्य, गुण र किसिम

३. उद्देश्यहरु

क) समूह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउँदो पशुपालन तथा कृषि बालीनालीहरुमा व्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउँदै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने

ख)समूहमा उन्नत बीउबिजन तथा रासायनिक मल लगायतकृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने ।

ग) खेतीयोग्य जमिनमा सिँचाइको व्यवस्थापन गर्ने ।

घ) प्राङ्गारिक उत्पादनमा जोड दिने ।

ङ) कृषि सामग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने ।

च) कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवं पशु प्रजनन् कार्यहरु, पशुआहारा, पशुस्वास्थ्य र पशु तथा पशुपन्छी बजारीकरण, पशु सेवा प्रविधिको प्रचार प्रसारका कार्यहरु गर्ने ।

छ) गोठ तथा भकारो सुधार गर्ने ।

ज) मौरीपालन तथा च्याउ खेती गर्ने ।

झ) बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने । ।

ञ) नयाँ प्रविधिहरूको परीक्षण गर्ने।

ट) सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि/पशु विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

ठ) जैविक विविधताको संरक्षण संवर्द्धन र विकास गर्ने।

ड) कृषि वन, वातावरण संरक्षण संवर्द्धन र विकासका सबै कार्यक्रमहरु सञ्चालन गर्ने।

ढ) मासिक बचत र परिचालन गर्ने।

ण) समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य बिविध कार्यहरु गर्ने ।

४. समूहको आवश्यकता र फाईदा

सामुहिक रुपमा काम गर्ने प्रणालीहामी कहाँ नयाँ होइन। पहिलादेखि नै गाँउ घरमा सामाजिक कार्यहरु सबै जनाको सहमति र मिलोमतोमा गर्ने परम्परा अहिले पनि रहि आएको छ।समूहगत रुपमा काम गर्दा जनसहभागिता बढ्ने, कृषकहरु बिच सहयोग र मेलमिलापको भावना अघि बढ्ने, अप्ठेरो काम सजिलैसँग गर्न सकिने कुनै नयाँ प्रविधि छिटै प्रसारण हुने, कृषकहरुको जोखिम बहन गर्ने क्षमता वृद्धि हुने, आत्मनिर्भरता हुने, नेतृत्व विकास हुने र आफ्नो समस्या आफै समाधान गर्न सकिने हुन्छ।विकासका लागि साझा भावना सोच र पहलको विकास गर्न सकिन्छ।यसबाट सदस्यहरु बीच सामुहिक सद्भावको विकास हुने अन्य निकायसँग सम्बन्ध बढ्ने र आफ्नो लागि आफै एकजुट भई कार्य गर्दा दिगो विकास हुन्छ। एक्लै गर्न नसकिने काम एकजुट भएर सामुहिक रुपमा गर्दा सजिलै गर्न सकिन्छ।

५. सफल कृषक समूहका गुणहरु

- ✓ समूह सक्रिय वा सफल छ छैन भनि निर्धारण गर्ने केही सूचकहरु यस प्रकारका छन् ।
- ✓ नियमित रुपले बैठक बस्ने ।
- ✓ समूहको क्रियाकलापको व्यवस्थित रेकर्ड राख्ने गरेको ।
- ✓ समूहको क्रियाकलापको व्यवस्थित रेकर्ड राख्ने गरेको ।
- ✓ हितकोष रकमको प्रभावकारी परिचालन भइरहेको ।
- ✓ समूहमा कृषकहरुको सक्रियता बढेको तथा क्षमता अभिवृद्धी भइरहेको ।
- ✓ प्रभावकारी कृषि योजना तर्जुमा तथा कार्यक्रम कार्यन्वयन भइरहेको ।
- ✓ एक आपसमा समझदारी भइरहेको ।
- ✓ लैङ्गिक समानता प्रति संवेदनशील निर्णायक पदमा महिलाको भूमिका वृद्धि भएको ।
- ✓ अन्य निकाय संगको सम्पर्क र समन्वय भइरहेको ।
- ✓ समूह पारदर्शिता कायम रहेको ।
- ✓ समूहमा बाहिरबाट प्रवेश गर्न खोज्ने कृषकको सङ्ख्या वृद्धि भएको ।
- ✓ समूह व्यवस्थापन र समायोजनको हिसाबले १५-२५ जनाको समूह उपयुक्त हुन्छ तर यतिनै सदस्य हुनुपर्दछ भन्ने केही छैन ।

६. समूहको किसिम

समूह सदस्यहरुको बनावटको आधारमा उत्पत्तिको आधारमा तथा समूहहरुले निश्चित गरेको उद्देश्यको आधारमाकृषक समूहलाई विभिन्न समूहहरुमा वर्गीकरण गर्न सकिन्छ ।

६.१ सहभागिताको आधारमा

१. महिला कृषक समूह
२. पुरुष कृषक समूह
३. मिश्रित कृषक समूह

६.२ कामको प्रकृतिको ( क्षेत्रगत आधारमा)

१. बाली समूह
२. बागबानी कृषक समूह (फलफुल, तरकारी)
३. बीज वृद्धि कृषक समूह
४. मौरी पालन कृषक समूह
५. माछा पालन
६. रेशम खेती
७. कृषि बजार समूह
८. आई.पी.एम. कृषक समूह
९. गाईभैंसी पालन समूह
१०.भेडाबाखा पालन समूह
११.बङ्गुरपालन समूह
१२. कुखुरापालन समूह
१३. घाँसेबाली तथा बीउ उत्पादन समूह

६.३ उत्पतिको आधारमा

१. प्राकृतिक वा स्वतस्फूर्त कृषक समूह

२. उत्प्रेरित कृषक समूह

६.४ मूल्य श्रीङ्खलाको आधारमा

१. कृषि सामग्री उत्पादन समूह (बिउ उत्पादक, प्राङ्गारिक मल उत्पादक आदि)

२. उत्पादन समूह

३. प्रशोधन समूह

४. बजारीकरण समूह

स्वतस्फूर्त समूह अन्तर्गत परम्परा देखि चलि आएका गुठी,सञ्चालनका लागि बनेका समूहहरु हुन् । उत्प्रेरित समूह अन्तर्गत विकासका विभिन्न कार्यक्रमलाई लक्षित गरी बनाएका समूहहरु जस्तै तरकारी, गाईभैसी, भेडाबाख्रा, बङ्गुर, कुखुरा, माछा, बीउ बिजन, दलहन, तेलहन, महिला कृषक समूहआदि हुन्।
बङ्गुरपालन समूह दर्ता गर्दा पशु सेवा शाखाका प्राविधिकले स्थलगत अनुगमनको प्रतिवेदन पछि समूहको दर्ता गरिनेछ ।

## परिच्छेद ३
## कार्य समितिको गठन

७. कार्य समितिको गठन

१. कृषक समूहकमा सात सदस्यीय देहाय बमोजिमको कार्य समिति रहने छ ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्य | ३ जना |

२.मिश्रित कृषक समूहको हकमा कार्य समितिको पदाधिकारी अध्यक्ष,उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये दुई जना महिला हुर्नुपर्दछ ।

३. उपसमिति गठन गर्न सकिने

क) समूहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर ऋण उपसमिति, आर्थिक उपसमिति, प्राविधिक उपसमिति लगाएत आवश्यक अनुसारका अन्य उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

ख) कोषाध्यक्षको संयोजकत्वमा ऋण उपसमिति गठन गर्नु पर्दछ ।

ग) मिश्रित समूहको हकमा कार्य समितिमा कम्तीमा ३५ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ

४. पदाधिकारीको काम कर्तव्य र अधिकारः कृषक समूहको कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार समूहको विधान बमोजिम हुनेछ।

## परिच्छेद ४
## समूहको विधान

९. समूहको विधान

"विधान" भन्नाले कुनै संघ-संस्थाको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप गर्न बनाइएको नीति नियम कानूनको दस्तावेज हो जसले समूह र सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने कार्य गर्दछ विधिवत कानूनी हिसाबले दर्ता हुनका लागि समूहहरुको लिखित विधानहुनुपर्छ।

९.१ विधान कस्तो हुनुपर्दछ ?

-नेपालको कानून र संविधानसँग नबाझिने ।

-कृषिनीति सँग मेल खाने ।

-सफा, स्पष्ट एक आपसमा नबाझिने सरल भाषा प्रयोग भएको ।

-प्रजातान्त्रिक ढङ्गले चुनावी प्रक्रियाद्वारा निर्वाचित हुने प्रावधान राखिएको ।

- विधान संशोधनको प्रावधान भएको।

- महिला सहभागीतालाई प्रोत्साहन गरिएको ।

१९.२ विधान संसोधन

नियम कानून एकपटक बनाउँदैमा सदाका लागि उपयुक्त हुँदैनन् । समय बित्दै जाँदा आवश्यकता अनुसार यसलाईपरिमार्जन गर्दै लैजानु पर्दछ । यसका लागि

- विधान संशोधन उपसमिति गठन गर्ने ।
- संशोधित विधानलाई कार्यसमितिबाट पास गराउने।
- साधारण सभाको कम्तीमा निश्चित संख्या (दुई तिहाइ वा तीन चौथाई) बहुमत द्वारा पारित गर्ने,
- संशोधित विधानलाई गा.पा को सम्बन्धित शाखा/ शाखामा पेश गर्ने,
- संशोधन विधानलाई स्वीकृत गरेपछि मात्र विधान संशोधन भएको मानिनेछ ।

## परिच्छेद ५
## समूह दर्ता र नवीकरण

१०. समूह दर्ता

१०.१ समूह दर्ताको लागि आवश्यक कागजात

- समूह ३ पटक बैठक बसेको निर्णय प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- समूह विधान र पारित गरेको विधान २ प्रति
- समूह दर्ता वा समूह सुचीकृतको लागि अनुसूची ३ बमोजिम निवेदन ।

१०.२ समूहदर्ता प्रक्रिया

१. पहिलो बैठक (भेला) बाट गर्ने कार्य

प्रस्ताव नं. १ समूहको नामाकरण सम्बन्धमा ।

प्रस्ताव नं. २ समूहको पदाधिकारी चयन सम्बन्धमा ।

प्रस्ताव नं. ३ समूहको मासिक बैठक सम्बन्धमा ।

प्रस्ताव नं. ४ समूहको हितकोष सम्बन्धमा ।

प्रस्ताव नं. ५ विधान लेखन सम्बन्धमा ।

प्रस्ताव नं. ६ समूहको उद्देश्य (कुन उद्देश्यको लागि गठन गर्ने हो ? )

२. दोस्रो बैठकबाट गर्ने कार्य

प्रस्ताव नं. १ उद्देश्यसँग सम्बन्धीत निर्णयहरु।

प्रस्ताव नं. २समूहको हितकोषको सम्बन्धमा ।

३. तेस्रो बैठकबाट गर्ने कार्य

प्रस्ताव नं. १ विधान पारित सम्बन्धमा

प्रस्ताव नं. २ समूह कृषि/पशुपंक्षी बिकाश शाखामा दर्ता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ सम्बन्धित वडा कार्यलय वाट सिफारिस लिने सम्बन्धमा ।

१०.३ दर्ता भएका समूहलाई अनुसूची ४ बमोजिमको प्रमाण-पत्र दिइने छ ।

नोट :- समूहको विधान १ प्रति तयार गरी इच्छाकामना गाउँपालिकाको कृषि शाखामा,१ प्रति सम्बन्धित वडा कार्यालयमा र १ प्रति सम्बन्धितकृषक समूहको लागी रहने छ ।

साविक जिल्ला पशुसेवा कार्यालय वा जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका समूहहरुले यो कार्यविधि जारीभएको ३ महिनाभित्र गाउँपालिकाबाट नयाँ प्रमाणपत्र लिनु पर्नेछ ।यदि तीन महिनाभित्र नयाँ प्रमाणपत्र नलिएमा विलम्ब शुल्क रु १००।— लाग्नेछ।

नागरिकताको हकमा- अध्यक्ष, उपाध्यक्ष सचिव, कोषाध्यक्षको नागरिकताको प्रतिलिपि १/१ प्रति निवेदनको ढाँचामा समूहदर्ता वा सुचीकृतफारमभरी रु १० को टिकटसाथ पेश गर्नु पर्दछ ।

११ नवीकरणको व्यवस्था

- ✓ दर्ता भएका सबै समूहलाई २ वर्षको समयावधि कायम हुनेछ ।
- ✓ २ वर्षको अवधि समाप्त भए पछि समूहलाई पुनःनवीकरण गर्नु पर्नेछ ।
- ✓ नवीकरण गर्दा समाप्त भएको ३५ दिन काटेमा नवीकरणको गर्न लाग्ने शुल्कको प्रति दिन १ प्रतिशतका को दरले जरिबाना लाग्नेछ।

११.१ समूहनवीकरण को लागि आवश्यक प्रक्रिया

- ✓ समूहदर्ता प्रमाणपत्र र त्यसको प्रतिलिपि
- ✓ समूह नवीकरण गर्ने समूहको निर्णय प्रतिलिपि
- ✓ समूह नवीकरणको ढाँचाको निवेदन फारम
- ✓ सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र

११.३ कृषि समुह दर्ता र नविकरणको विवरण कृषि/पशुपंक्षी बिकाश शाखाले ऋमश अनुसूची १ र अनुसूची २ बमोजीमको ढाँचामा राख्नु पर्ने छ।

## परिच्छेद ६
## समूह सञ्चालन

१२. समूहले सञ्चालन गर्ने क्रियाकलाप

-प्रत्येक महिनाको एक पटक अनिवार्य समूहको बैठक बस्ने ।

-समूहको हितकोष व्यवस्थापन अनिवार्य गर्नु पर्ने यसमा सरकारीस्तरबाट प्राप्त रकम थप गर्न सकिने।

- नयाँ-नयाँ प्रविधिको प्रयोगद्वारा उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिने विधिहरु अपनाउनु पर्ने।

- गाउँपालिकाको योजनासँग मेल खाने गरी वार्षिक योजना बनाउने ।

-प्रत्येक आर्थिक वर्षको शुरुवातमा आफ्नो वार्षिक कार्य योजना बनाएर वडामा पेश गर्ने।

## परिच्छेद ७
## अनुगमन र मूल्याङ्कन

१३. अनुगमन र मुल्याङ्कन

गाउँपालिकाले देहाय बमोजिम अनुगमन गर्न सक्नेछ ।

- समूहगत अनुगमन
- कार्यगत अनुगमन
- व्यवस्थापकीय अनुगमन

-अनुगमन र मुल्याङ्कन गर्दा तोकिएको मापदण्ड पालना नगरिएको वा सक्रिय नरहेको पाइएमा पहिलो पटकसचेत गराउने, दोस्रो पटक निलम्बनमा राख्ने, तेस्रो पटक खारेज गर्ने ।

-गाउँपालिकाले समूह मार्फत अनुदानका सामग्री प्रतिस्पर्धात्मक ढङ्गबाट नदोहोरिने किसिमले अनुदान उपलब्ध गराउन सकिने ।

-गाउँपालिकाले समूह मार्फत योजना कार्यन्वयन गर्न सक्ने ।

-समूह बाहेक कृषि क्षेत्रका कार्यक्रम तथा अनुदान सञ्चालन एवं सिफारिस नगरिने ।

-उस्तै-उस्तै उद्देश्य भएका नजिकैको २ वा २ भन्दा बढी समूह मिलि कार्यक्रम सञ्चालन गर्न सकिने।

-अनुदानका सामग्रीहरु समन्वयायिक ढङ्गबाट उपलब्ध गराउन सकिने ।

-कार्य सञ्चालन वा सम्झौता गर्नु भन्दा अघि गाउँपालिकाको प्रतिनिधिले अनुगमन गर्दा व्यवस्थाकीय त्रुटी वानिश्क्रियता पाईएमा कार्यक्रम रद्द समेत गर्न सकिने छ।

## परिच्छेद ८
## लेखापरीक्षण

१४. लेखापरीक्षण

समूहले वार्षिक रुपमा नियमानुसार लेखापरीक्षण गराउनु पर्नेछ। लेखापरीक्षण प्रतिवेदनको एक प्रति कृषि/ पशु सेवा शाखामा समेत उपलब्ध गराउनु पर्नेछ। त्यस्तै वर्षको एक पटक सार्वजनिक सुनुवाई पनि सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद ९
## विविध

१५. समूह निष्कृयको अवस्थाः

लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा अन्य विभिन्न कारणहरूले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन ।

१६. विघटन हुन सक्नेः

पटक पटक समूहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दुरुपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा प्रचलित नियम विपरीतका कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ तर समूहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिने छ ।

१७. संशोधनः

आवश्यकता र औचित्यताको आधारमा गाउँकार्यपालिकाको निर्णयअनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ ।

१८. खारेजीः

यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन् । यो कार्यविधि लागु हुन भन्दा पहिला नै इच्छाकामना गाउँपालिकामा दर्ता भएका कृषक समूहलाई पनि यसै कार्यविधि अनुसार भएको मानिने छ । इच्छाकामना गाउँपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ खारेज भई यो कार्यविधि अनुसार लागु हुनेछ ।

अनुसूची-१

दफा (११) को उपदफा (३) सँग सम्बन्धीत

इच्छाकामना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**इच्छाकामना गाउँपालिकाको कृषक समूहको दर्ता विवरण**

| क्र सं | समूह दर्ता नम्बर | कृषक समूहको | | समूहको मुख्य उद्देश्य | समूह गठन मिति | समूह सदस्यहरुको विवरण | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | ठेगाना | | | दलित | जनजाती | अन्य | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची-२

दफा (११) को उपदफा (३) सँग सम्बन्धीत

इच्छाकामना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**कृषक समुह नबिकरण विवरण (रजिस्टारमा)** **आ. व.**

| सि.नं. | समूहदर्ता नं. | कृषक समूहको नाम | ठेगाना | नबिकरण गरेको मिति | म्याद पुग्ने मिती | जम्मा सदस्य सं. | सामाजिक अवस्था | | | | | | समूहको उद्देश्य | समूहको अध्यक्षको नाम | सम्पर्क नं. | नबीकरण गर्ने कर्मचारीको नाम | सहि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दलित | | जनजाति | | अन्य | | | | | | |
| | | | | | | | म | पु | म | पु | म | पु | | | | | |

| समूहको अध्यक्षको नाम र सम्पर्क नं. | हितकोष रकम | | बैठक बस्ने मिति | प्रमाण पत्र बुझ्नेको सहि | प्रमाणित गर्नेको सहि | कैफियथ |
|---|---|---|---|---|---|---|
| | हाल सम्म रु हजारमा | प्रति व्यक्ति, प्रति महिना रु हजारमा | | | | |
| | | | | | | |

अनुसूची-३

दफा (१०) को उपदफा (१) सँग सम्बन्धीत

इच्छाकामना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**समूह सूचीकृत/दर्ता गर्दा भर्नु पर्ने अनुरोध फारम**

मिति....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
इच्छाकामना गाउँपालिका,
कुरिनटार, चितवन ।

विषय :- समूह सूचीकृत/दर्ता गराई पाऊँ ।

महोदय,
प्रस्तुत विवरण देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी हाम्रो समूहलाई सुचीकृत/दर्ता गरी दिनु हुन अनुरोध गर्दछु।

१) समूहको नाम :-                                        २) ठेगाना :-

३) समूह गठनको मुख्य उद्देश्यः वाली/विउ/तरकारी/फूलफुल/ माछा/ केरा/बहुउद्देश्यीय.....

४) समूहको हितकोषमा जम्मा भएको रकम रु.....

५) प्रति व्याक्ति प्रति महिना हितकोष रकम रु...........

६) समूहको मासिक हितकोषमा जम्मा भएको रकम रु..............

७) नियमित समूह बैठक बस्ने

मितिः-                    स्थानः-                    समयः-

८) जग्गा सम्वन्धी विवरणः

| विवरण | ५ कठ्ठासम्म | ५-१० कठ्ठासम्म | १०-२० कठ्ठासम्म | २० भन्दा माथि |
|---|---|---|---|---|
| कृषक संख्या | | | | |

९)पदाधिकारीको विवरण

| क्र सं | नाम | पद | शैक्षिक योग्यता | उमेर वर्ष | जग्गा क्षेत्रफल कठ्ठा | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | उपाध्यक्ष | | | | | |
| ३ | | सचिव | | | | | |
| ४ | | कोषाध्यक्ष | | | | | |
| ५ | | सदस्य | | | | | |
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |

निवेदक

कृषक समूह अध्यक्ष

अनुसूची-४
दफा (१०) को उपदफा (३) सँग सम्बन्धीत
कृषक समूह दर्ता प्रमाण-पत्र
इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

इ.गा.पा. द.नं. ........कुरिनटार, चितवन
साविक द.नं. ........ मितिः २०.../..../..

# कृषक समूह दर्ता प्रमाण-पत्र

समूह पद्दतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस चितवन जिल्लाको ..................गा.पा. / न.पा. वडा नं .........मिति............. मा गठित श्री ..................कृषक समूहलाई यस कार्यालयको अभिलेखामा दर्ता गरी प्रमाण पत्र प्रदान गरिएको छ ।

......................
(कृषि/पशु शाखा प्रमुख)

..........................
प्रमुख प्रशासकीय अधिकृत

**नवीकरण सम्वन्धी विवरण**

| नवीकरण गरेको मिति | म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोटः समूह दर्ता भई २ दुई वर्ष अवधि पुरा गरेको कृषक समूहहरुले प्रत्यक दुई/दुई वर्षमा नवीकरण गर्नु पर्नेछ । अन्यथा सो समूहलाई अस्तित्वमा नरहेको मानि कार्यक्रम उपलब्ध गराईने छैन ।

आज्ञाले,
जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत